# स्थानीय राजपत्र

**झापा, १ नं प्रदेश नेपाल**

कचनकवल गाउँपालिकाद्वारा प्रकाशित

खण्ड १) झापा, १ नं प्रदेश, नेपाल, भाद्र २७ गते २०७५ साल ( संख्या २

## भाग २

**कचनकवल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**कचनकवल गाउँ कार्यपालिकाले वनाएको तल लेखिए वमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**संवत् २०७५ कचनकवल गाउँपालिकाको टोल विकास संस्था गठन तथा परिचालन निर्देशिका संख्या २**

स्थानीय राजपत्र

## कचनकवल गाँउपालिकाको टोल विकास संस्था गठन तथा परिचालन निर्देशिका, २०७५

**प्रस्तावना :-**

गाँउपालिका क्षेत्र भित्रको सर्वाङ्गीण विकासमा महिलाहरुलाई मूल प्रवाहमा ल्याई विकास अभियानलाई व्यवहारमा मुर्तता प्रदान गर्नका लागि साविक बनियानी, पाठामारी, केचना, बालुवाडी, पथरिया र घेराबारी गा.वि.स.का सबै पुराना वडाहरु (५४ स्थान) मा अधिकांश घरधुरी समेट्दै सत्प्रतिशत महिलाहरुको मात्र प्रतिनिधित्व हुने गरी टोल विकास संस्था गठन गर्ने र गाँउपालिका क्षेत्रभित्र प्रचलित कानून वमोजिम उपभोक्ता समितिले गर्न सक्ने विकास निर्माणका कार्यहरु सम्पन्न गर्न सोही संस्थालाई पहिलो प्राथमिकता दिने गरी कचनकवल गाँउपालिकाको दोस्रो गाँउसभाले यो निर्देशिका तर्जुमा गरी लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "**कचनकवल गाँउपालिकाको टोल विकास संस्था गठन तथा परिचालन निर्देशिका, २०७५**" रहने छ।

(२) यो निर्देशिका कचनकवल राजपत्रमा प्रकाशन भएका मितिदेखि गाँउपालिका क्षेत्रभर लागू हुनेछ।

२. **परिभाषा र व्याख्या** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा-

(क) "गाँउपालिका" भन्नाले कचनकवल गाँउपालिकालाई सम्झनुपर्छ।

(ख) "कार्यपालिका" भन्नाले कचनकवल गाँउ कार्यपालिकालाई सम्झनुपर्छ।

(ग) "वडा" भन्नाले कचनकवल गाँउपालिकाका सम्बन्धित वडा कार्यालयलाई सम्झनुपर्छ।

(घ) "संस्था" भन्नाले यस निर्देशिका वमोजिम साविक बनियानी, पाठामारी, केचना, बालुवाडी, पथरिया, घेराबारी गा.वि.स.का पुराना वडाहरुलाई समेट्ने गरी महिलाहरु मात्रको प्रतिनिधित्व हुने गरी गठन गरिने टोल विकास संस्थालाई सम्झनुपर्छ।

(ङ) "निर्देशिका" भन्नाले "कचनकवल गाँउपालिकाको टोल विकास संस्था गठन तथा परिचालन निर्देशिका, २०७५" लाई सम्झनुपर्छ।

(च) "कार्यविधि भन्नाले" यस निर्देशिकाको अधिनमा रही बनेको कचनकवल गाउँपालिकाको टोल विकास संस्था गठन तथा परिचालन कार्यविधिलाई सम्झनुपर्छ।

३. **संस्था गठनका लागि सूचना प्रवाह गर्नुपर्ने** : यो निर्देशिका लागू भए पछि पहिलो पटकका लागि गाँउपालिकाका सम्बन्धित वडा कार्यालयहरुले कम्तीमा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रका साविक गा.वि.स.का वडाहरु समेट्ने गरी महिलाहरु मात्र सम्मिलित संस्था गठन गर्ने मिति, समय र स्थान तथा अन्य आवश्यक कुराहरु खुलाई स्थानीय सञ्चारमाध्यम समेतबाट सूचना प्रवाहको व्यवस्था मिलाउनु पर्नेछ।

४. **संस्था गठन गर्नुपर्ने** : दफा ३ वमोजिम उल्लिखित मिति, समय र स्थानमा पहिलो पटकका लागि संस्था गठन गर्न कार्यपालिकाले तोकेको एकजना कार्यपालिकाको सदस्य, सम्वन्धित वडाको वडाध्यक्ष, सम्वन्धित वडाको कम्तीमा एकजना महिला वडासदस्य र गाउँ कार्यपालिकाको कार्यालयले तोकेको एक जना कर्मचारीको अनिवार्य उपस्थितिमा उपस्थित महिलाहरुको भेलाबाट सकभर समावेशिता समेतलाई सम्वोधन गर्दै सर्वसम्मत हुने गरी पन्ध्र सदस्यीय संस्थाको कार्यकारी समिति गठन गर्नु पर्नेछ। कुनै कारणले सर्वसम्मत किसिमले

कार्यकारी समितिका सदस्यहरुको चयन हुन नसकेमा गोला प्रथाको माध्यमबाट कार्यकारी समिति गठनको विषय सोही दिन टुङ्गो लगाउनु पर्नेछ ।

५. **संस्था दर्ता गर्नुपर्नेः** दफा ४ वमोजिम पहिलो पटक गठित संस्था कार्यपालिकाको कार्यालय र सम्बन्धित वडा कार्यालयमा कार्यपालिकाले तोके बमोजिमको ढाँचामा अनिवार्यरुपले दर्ता गर्नु पर्नेछ ।

६.**संस्थाको मार्गदर्शक विधान तयार गर्नुपर्नेः** कार्यपालिकाले सबै वडा मातहत रहने संस्थालाई सञ्चालन एवम् व्यवस्थापन गर्नका लागि मार्गदर्शक विधान तयार गर्नु पर्नेछ । पहिलो पटकका लागि दफा ४ वमोजिम गठन भएका संस्था उक्त मार्गदर्शक विधान वमोजिम नै गठन भएको मानिनेछ र प्रत्येक आर्थिक वर्ष सम्भव भएसम्म पदाधिकारी तथा नेतृत्व दोहोरिन नपाउने व्यवस्था सहितको मार्गदर्शक विधानमा नै उल्लेख गरी दिनु पर्नेछ ।

७. **संस्थालाई परिचालन गर्ने क्षेत्रः** संस्था परिचालन गर्ने क्षेत्रका सम्बन्धमा यस निर्देशिकाको अन्यत्र दफामा उल्लेख गरिएका क्षेत्रका अतिरिक्त कार्यपालिका एवम् सम्बन्धित वडाले प्रत्येक संस्थालाई आवश्यकता अनुसार निम्न वमोजिमका क्षेत्रमा परिचालन गर्न सक्नेछ :-

(क) संस्था र यसमा आवद्ध सदस्यहरुको उद्यमशीलता प्रवर्द्धन,

(ख) सभ्य कचनकवल स्थापना र विकास,

(ग) टोलमा उपलब्ध स्रोतसाधनको परिचालन गरी टोल विकासको योजना निर्माण एवम् कार्यान्वयन,

(घ) सामाजिक समस्या समाधानका लागि जनचेतना अभिवृद्धि,

(ङ) टोल तथा सार्वजनिक स्थलमा वृक्षारोपण,

(च) टोलमा वातावरणमैत्री तथा बालमैत्रीसँग सम्बन्धित विविध प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन,

(छ) भवन संहिता तथा मापदण्डका बारेमा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन,

(ज) टोलका बस्तीलाई नमूना बस्तीको रुपमा विकास गर्न संस्थालाई परिचालन,

(झ) पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण घटना दर्ता, सामाजिक सुरक्षा भत्ता आदिको यथोचित व्यवस्थापन तथा परिचालन,

(ञ) टोलमा रहेका सार्वजनिक सम्पत्तिको संरक्षण तथा उपयोग,

(ट) राजस्व परिचालनमा सचेतना अभिवृद्धि,

(ठ) कृषि र पर्यटन मार्फत समृद्ध गाँउपालिका स्थापना गर्न परिचालन,

(ड) जनसहभागिता मार्फत सञ्चालन गरिने आयोजना तथा कार्यक्रमहरु सञ्चालन गरी प्रचलित संघीय सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (१२) बमोजिम आयोजना तथा कार्यक्रमको स्वामित्व हस्तान्तरण,

(ढ) महिलाको नेतृत्वमा विकास कार्यक्रम सञ्चालन गरी कचनकवल गाँउपालिकालाई मुलुक मै नमूना गाँउपालिकाको रुपमा स्थापना, आदि ।

८. **संस्था मार्फत कार्य गराउन पहिलो प्राथमिकता दिइने :** कचनकवलको विकास अभियानलाई मुर्तता प्रदान गर्नका लागि जनसहभागिता वा लागत सहभागिता परिचालन गरी सञ्चालन गर्ने भनी पहिचान गरिएका गाँउपालिकास्तरीय तथा वडास्तरीय आयोजना तथा कार्यक्रमहरु सम्बन्धित क्षेत्रका टोल विकास संस्था मार्फत

सञ्चालन गर्न गराउन गाँउपालिका तथा सम्बन्धित वडाले पहिलो प्राथमिकता दिनुपर्नेछ । यसको लागि सम्बन्धित टोल विकास संस्था स्वतः उपभोक्ता समितिमा रुपान्तरण हुनेछ ।

९. **संस्थाको नामाकरण** : यस निर्देशिका बमोजिम गठन गरिने टोल विकास संस्थाको नामाकरण सम्बन्धित टोल विकास संस्थाको क्षेत्र भित्रको ऐतिहासिक, पुरातात्विक, साँस्कृतिक, भौगोलिक आदि विशेषताहरु झल्किने गरी सम्बन्धित वडाको सिफारिशमा कार्यपालिकाले गर्नेछ ।

१०.**कार्यविधि तयार गरी लागू गर्न सक्ने**: यस निर्देशिकामा उल्लेखित प्रस्तावना तथा अन्य प्रावधानहरुको अनुकुल हुने गरी कार्यपालिकाले संस्था सञ्चालन, व्यवस्थापन लगायतका अन्य आवश्यक विषयहरुलाई व्याख्या गर्न आवश्यक कार्यविधि तर्जुमा गरी लागू गर्न सक्नेछ ।

११.**बाधा अड्काउ फुकाउन सक्ने** :- यस निर्देशिकामा लेखिएको कुनै व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कुनै द्धिविधा वा बाधा अड्चन परेमा कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्चन फुकाउन सक्नेछ र त्यसरी फुकाइएको बाधा अड्चनको जानकारी गाँउसभामा पेश गर्नु पर्नेछ ।

**आज्ञाले,**
**तुलराज थापा मगर**
**प्रमुख प्रशासकीय अधिकृत**

स्थानीय राजपत्र